# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
वागमती प्रदेश, नेपाल

प.स.०७८।०७९ मिति २०७८।६।२०

च.न. १६०९

**बिषय :तथ्याङ्क अध्यावधिक गर्ने सम्वन्धमा ।**

**श्री सवै विद्यालयहरु**

**रत्ननगर, चितवन**

प्रस्तुत विषयमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अध्यावधिक गरी २०७८ भाद्र मसान्त सम्म अपलोड गर्नका लागि सवै विद्यालयहरुलाई जानकारी गराएकोमा हाल सम्म यस नगरपालिकामा संचालित ५१ विद्यालयहरु मध्ये ३३ विद्यालयको मात्र अपलोड भएको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आधिकारिक वेभसाइट( www.cehrd.gov.com. ) मा राखिएको छ ।

विद्यालय जस्तो पवित्र संस्थाले सम्पादन गर्नै पर्ने कार्यहरु समयमा सम्पन्न नगर्नु नगराउनुले सम्वन्धित संस्थाको प्रमुख तथा तोकिएको पदाधिकारीहरुको कार्य सम्पादन स्तरमा प्रश्न उठ्नु स्वभाविक हो । समयमा तथ्याङ्क नभर्ने, भरे पनि निर्देशन अनुसार नभर्ने , अपुरो भर्ने तथा अध्यावधिक नगर्नाले केही विद्यालयले पाउनु पर्ने स्रोत साधन पनि नपाएको अवस्था छ। समयमा तथ्याङ्क भर्ने भराउने कार्य सम्पन्न गरेर ३ दिन भित्र अनलाइनवाट अपलोड गरी यस शाखामा जानकारी गराउन हुन सूचित गर्दै अपलोड नगरेमा सामुदायिक विद्यालयमा यस पछि कुनै पनि रकम निकाशा हुने छैन र संस्थागत विद्यालयहरुको अनुमति रद्व गर्ने प्रक्रिया समेत अगाडि वढाउने पर्ने हुन सक्छ । यसर्थ यस परिस्थितिलाई मध्यनजर राखी कार्य सम्पादन गर्न गराउनु हुन सम्वन्धित विद्यालयहरुलाई अनुरोध छ ।

बद्रीनारायण शर्मा
अधिकृत (दशौं तह )

बोधार्थ :-

श्री सामाजिक विकास मन्त्रालय, वागमती प्रदेश हेटौंडा

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक सूचना तथा व्यवस्थापनशाखा : यस नगरपालिकामा संचालित विद्यालयहरु वन्द नभएको तर अपलोड हुन वाँकी रहेकाले सोही वमोजिम अभिलेख राखी दिन हुन ।

श्री शिक्षा विकास तथा समन्वय इकाई ,भरतपुर चितवन ।

श्री सवै वडा कार्यालय , रत्ननगर नगरपालिका : आवश्यक समन्वय तथा निर्देशन दिन हुन ।

श्री प्याप्सन रत्ननगर : आवश्यक सहयोग र समन्वय गर्न हुन ।